# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०९/१७ गते

## प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको ।

---

कास्की जिल्ला पोखरा उप-महानगरपालिका अन्तर्गत गाउँ नगर साझेदारी कार्यक्रममा कार्यरत सह-सामाजिक परिचालिका अनिता गुरुङ्गले गाउँ नगर साझेदारी अन्तर्गत उठाइएको लगानी रकम कार्यालयमा दाखिला नगरी स्वयंले अपचलन गरेको भन्ने व्यहोराको उल्लेखित सराङकोट साप्ताहिकमा मिति २०७०।०६।२२ गते प्रकाशित समाचारलाई आधार बनाई दर्ता भएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले संकलित रकम रु. २,१२,५४७।६८ (दुई लाख बाह्र हजार पाँच सय सड्चालिस अठ्सठ्ठी पैसा) दाखिला नगरी लापरवाही एवम् बदनियतसाथ निजी प्रयोगमा लगाई नेपाल सरकारलाई हानी-नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई बिगो रु. २,१२,५४७।६८ (दुई लाख बाह्र हजार पाँच सय सड्चालिस रुपैया अठ्सठ्ठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता